नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, साउन २ गते, २०७८ साल (अतिरिक्ताङ्क २८(क)

भाग ५

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

सूचना

नेपाल सरकारले कोभिड-१९ को सङ्क्रमण रोकथामको लागि संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ७०, अतिरिक्ताङ्क १०(ग) मिति २०७७।२।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आदेशको क्रम सङ्ख्या २ पछि देहायको क्रम सङ्ख्या २क. थप गरी सो आदेशलाई संवत् २०७७ साल साउन ६ गते मङ्गलबार मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२क. क्रम सङ्ख्या २ मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ को सङ्क्रमणको जोखिम विश्लेषणका आधारमा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (DCCMC) ले COVID-19 Crisis Management Center (CCMC) र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समन्वय गरी जिल्लाको सम्पूर्ण भू-भाग वा कुनै क्षेत्रमा बन्द गराउन वा सिल गर्न सक्नेछ।"

आज्ञाले,
डा. रोशन पोखरेल
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।